# सुन्दरदुलारी नगरपालिकाको आर्थिक बर्ष २०७१।७२ को सामाजिक परीक्षणको अन्तिम प्रतिवेदन, २०७२

## १. परिचय :

सुन्दरदुलारी नगरपालिकाले आर्थिक बर्ष २०७१।७२ मा सामाजिक दायित्व पुरा गरे नगरेको सम्वन्धमा सामाजिक परीक्षण गरिएको हो । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ का नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेका सम्बन्धमा लेखाजोखा गर्नुपर्ने प्रावधान रहेको छ ।

स्थानीय निकायको सामाजिक परीक्षण गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ जारी गरेको छ । नगरपालिकाको न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधि, २०६६ (परिमार्जनसहित) मा नगरपालिकाले सामाजिक परीक्षण गर्नु पर्ने व्यवस्था गरिएको छ ।

सामाजिक परीक्षणमा सुन्दरदुलारी नगर क्षेत्रका विषयगत कार्यालयहरु संघसंस्थाले एक आर्थिक वर्षमा पुरा गरेको सामाजिक दायित्वको लेखाजोखा र जिल्लाको सामाजिक विकासको सूचकहरुको आधारमा यो परीक्षण भएको छ । यो अध्ययन २०७२ भदौ र असोज महिनामा सम्पन्न गरिएको हो । परीक्षणको कार्य सम्पन्न गर्न कार्यविधिमा उल्लेख भएका विधिहरुको प्रयोग गरिएको छ । जिल्लास्थित विभिन्न ४ वटा विषयगत कार्यालयहरु जसले नगरपालिका क्षेत्रमाबाट केही काम गरेको देखिएकाले यो सामाजिक परीक्षणमा विवरण समावेश गरिएको छ ।

## २. सामाजिक परीक्षणको उद्देश्य :

सामाजिक परीक्षणका उद्देश्यहरु निम्न अनुसार रहेकाछन् ।

- स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्व पुरा भए नभएको अध्ययन गर्नु ।
- स्थानीय निकायले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्वन्धमा लेखाजोखा गरी प्रतिवेदन मार्फत आवश्यक सुझाव प्रस्तुत गर्नु ।

## ३. अध्ययन विधि

सामाजिक परीक्षणको अध्ययन विधि सामाजिक परीक्षण कार्यविधि, २०६७ मा उल्लेख भए बमोजिम रहेको छ । मुख्यतः यो परीक्षणको अध्ययन विधि निम्न अनुसार रहेको छ ।

- स्थानीय निकायका सामाजिक जिम्मेवारी सम्वन्धी नीति नियम, निर्णय र कार्यान्वयन प्रक्रिया र सो सम्वन्धी प्रतिवेदनहरुको अध्ययन
- विषयगत कार्यालयहरुसँग भेटघाट, अन्तरवार्ता र सूचना संकलन
- प्राप्त सूचनाका आधारमा प्रारम्भिक प्रतिवेदन तयारी
- प्रारम्भिक प्रतिवेदन उपर छलफल, प्रतिक्रिया र सुझाव
- प्राप्त सुझावका आधारमा अन्तिम प्रतिवेदन तयारी

## ४. अध्ययनको सीमा

यो अध्ययन स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि, २०६७ को परीधी भित्र रहेको छ । सुन्दरदुलारी नगरपालिका र सामाजिक विकाससँग सम्वन्धित विषयगत कार्यालयहरु यस अध्ययनको विषय क्षेत्र भित्र रहेका छन । यो अध्ययनले नगरपालिका अन्तर्गत भएका सामाजिक विकासका सूचकहरुको प्रतिनिधित्व मात्र गर्दछ र कार्यविधिमा उल्लेखित विषयहरुको मात्र विश्लेषण भएकाले समग्र नगरपालिको सामाजिक विकासको प्रस्तुती गरेको छैन ।

## ५. बृहत छलफल कार्यक्रमको विवरण

क) मिति : २०७२ साल असोज २२ गते  दिनको ११.०० बजे

ख) स्थान :  सुन्दरदुलारी नगरपालिका सभाकक्ष

ग)  उपस्थिति संख्या :  ४५ जना ।

# ६. सुन्दरदुलारी नगरपालिकाको सामाजिक परीक्षण प्रतिवेदन, २०७२

## ६.१. सुन्दरदुलारी नगरपालिकाको परिचय :

### २.१ भौगोलिक अवस्थिति

नेपालको पूर्व पश्चिम राजमार्गलाई छोएर सुनसरी जिल्लाको इटहरी नगरपालिका पूर्वमा अवस्थित यो नगरपालिका रहेको छ । यस नगरपालिकाको पूर्वमा कोशी हरैचा नगरपालिका, पश्चिमतर्फ इटहरी उपमहानगरपालिका, उत्तरमा केरावारी र याङशिला र दक्षिणमा शिसवनी बडहरा गाविस पर्दछन् । समुन्द्र सतहबाट १२९ फिट । यसको कुल क्षेत्रफल ९४ दशमलव ३ वर्ग कि.मी.मा फैलिएको छ

### २.२ नगरपालिकाको ऐतिहासिक पृष्ठभूमि :

ऐतिहासिक कथनका आधारमा मानव वस्ती बस्नु अघि तराईको सम्पूर्ण क्षेत्र घना जंगलले ढाकिएको थियो । वि.सं. २०२१ सालमा भूमिसुधार ऐनले व्यवस्था गरेको जिमिदारी भूमि व्यवस्था सुन्दरपुर मौजा अर्न्तगत हालका मुर्गाटोली, घपटोली गाउँ र बलिया गाउँको केही क्षेत्र पर्दथ्यो । यसैको आधारमा २०३१ सालमा साजीलाल माध्यमिक विद्यालयले “सुन्दरपुर” भनेर लेख्न थालेको पाइन्छ । खासगरी मृर्गाटोली नाम भन्दा सुन्दरपुर भन्ने नाम जनजिव्रोमा सजिलो र राम्रो भएकोले २०३९ सालमा दुलारीबाट अलग हुदां “सुन्दरपुर” भनेर नामाकरण भएको मानिन्छ (स्रोतः सुन्दरपुर गाविस, सुन्दरपुरको चिनारी, २०५४) । त्यसै गरी दुलारी गाउ विकास समिति क्षेत्रपनि पूर्वको प्रवेशद्धारको रुपमा रहेको दुलारी बजार हो । नेपाल सरकारको मिति २०७१ साल बैशाख २५ गतेको निर्णयानुसार साविकको सुन्दरपुर गाउँ विकास समिति र दुलारी गाउँ विकास समितिलाई गाभेर सुन्दरदुलारी नगरपालिकाको रुपमा कायम भएको हो ।

### विकासको सम्भाव्यता र अवसर

यो नगरपालिकाको मोरङ जिल्ला भन्दा पनि सुनसरी जिल्लाको रहेको इटहरी र धरान नगरपालीकासंग नजिकमा छ । यस नगरपालिकाको मुख्य सभावना र अवसर भनेको कृषि उत्पादन नै हो । कृषी पेशामा संलग्न मानिसहरु पर्याप्त भएको हुदां अर्गानिक मौसमी र बेमौसमी तरकारी तथा फलफूल खेतीको प्रवल संभावना र अवसरहरुरहेको छ ।  अर्कोतर्फ घरेलु तथा साना उद्योगहरुको प्रसस्त संभावना रहेको छ । घरेलु सामाग्री उत्पादन गरी बिक्रीको लागि बजारको कुनै अभाव हुदैन । स्थानीय सिप र प्रविधिमा आधारित उत्पादनको माग हाल आएर बढ्दै गइरहेको सर्न्दभमा गुणस्तरयुक्त वस्तुहरुले राम्रै गरी स्थान पाउछ ।

नगर क्षेत्रमा पर्यटन प्रबर्द्धन गर्न पांच वर्षे गुरुयोजना समेत तयारी गरी लागु भएकोछ । यहां रहेको हसिना सिमसार क्षेत्र भित्र रहेको जैविक विविधताको संरक्षण, विकास र व्यवस्थापन गर्न सकेमा आन्तरिक तथा बाह्य पर्यटकहरुलाई भित्र्याई प्रसस्त आयआर्जन गर्न सकिने प्रवल संभावना छ । नगरमा रहेको सामुदायिक वन क्षेत्र भित्र जडिबुटि खेतीको विकास गर्न सकिन्छ । यस्तै प्राकृतिक रुपमा गछिया खोलाको बलुवा तथा ढुंगागिट्टी पूर्वाञ्चल क्षेत्रमै उत्कृष्ट मानिन्छ । नगरपालिकाले आफ्नै पहलमा पारदर्शी रुपले स्रोत परिचालन गरेर स्थानीयस्तरमा कर तथा सेवाशुल्क उठाउन सकेमा नगरपालिकाको आन्तरिक आयस्रोतमा हालको अवस्थामा ७० प्रतिशत आय बढने अवस्था रहेको छ ।

- ❖ यस नगरपालिका भित्र ४ वटा सेवाकेन्द्रस्तरीय कार्यालयहरु रहेका छन ।
- ❖ यो नगरपालिका मोरङ जिल्लाको निर्वाचन क्षेत्र नं. ८ मा पर्दछ । नगरपालिकामा ११ वटा वडाहरु रहेका छन ।
- ❖ नगरपालिकामा जम्मा घरधुरी संख्या ८२५० रहेको छ । जम्मा जनसंख्या ४२३५४ रहेको छ ।
- ❖ बसोबासको दृष्टिले नगर क्षेत्रमा प्रमुख जातीहरुमा व्राम्हण, क्षेत्री, राई, थारु, तामाङ, नेवार, कामी, लिम्बु, गुरुङ, दमाई, मगर, मुसहर लगायत ४३ जातजातीको बसोवास रहेको छ ।
- ❖ नगरको साक्षरता ७४.९ प्रतिशत छ ।
- ❖ सुन्दरदुलारी नगरपालिकामा १४ वटा प्रा.वि., ४ वटा मा.वि. र उच्च मावि १ रहेका छन ।
- ❖ नगरपालिकामा ६८ वटा संस्थागत टोल विकास संस्थाहरु र अन्य बस्ती क्षेत्र अनुसारका टोलहरु क्रियाशिल रहेका छन ।

## ६.२. स्थानीय निकायको दिर्घकालिन दृष्टीकोण, प्राथमिकता तथा लक्ष्यहरू

### ६.१ नगरपालिकाको दिर्घकालिन सोच :

सुन्दरदुलारी नगरपालिकाको दिर्घकालिन सोच "विकासमा साझेदारी, समृद्ध सुन्दरदुलारी" रहेको छ ।

### ६.२ सुन्दरदुलारी नगरपालिकाको प्राथामिकताहरु :

१ कर्मचारी व्यवस्थापन
२. कार्यालय व्यवस्थापन तथा सेवा वितरण प्रणाली सहजता
३. बिभिन्न विकास नीतिहरु तर्जूमा तथा कार्यान्वयन
४. एकीकृत शहरी विकास योजना निर्माण
५. आर्थिक विकासका अवसरहरुको पहिचान तथा परिचालन गरी आन्तरिक स्रोत बृद्धि
६. सहभागितात्मक शहरी सुशासन प्रबर्द्धन
७. सहभागितात्मक योजना तर्जूमा प्रणाली र जनसहभागितामा आधारित योजना कार्यान्वयन
८. लक्षीत क्षेत्रको विकास
९. वातावरण सुधार तथा व्यवस्थापन
१०. खुला दिशामुक्त, प्लाष्टिक झोला निषेधित नगर अभियान, पूर्ण खोपलाई निरन्तरता
११. विकासमा सरोकारवाला र नीजि क्षेत्रसंग समन्वय र सहकार्य
१२. पारदर्शिता र जबाफदेहिता
१३. विकासमा दिगोपनाका लागि विभिन्न कोषहरुको स्थापना र संचालन

**६.३. गतवर्षको मुख्य मुख्य उपलब्धिहरू :**

१. नगरपालिका स्थापना र संचालन

२. समुदायको सहभागितामा पूर्वाधार निर्माण

३. शहरी स्वास्थ्य क्लिनिक तथा शिविर प्रबर्द्धन

४. सरोकारवाला तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण

५. दलितहरुलाई सीपमा आधारित प्रविधि हस्तान्तरण

६. महिलाहरुको आय आर्जनका लागि सिपमुलक तालिमहरु संचालन

७. आन्तरिक पर्यटन विकासको लागि हसिना सिमसार क्षेत्र विकास

**६.४ सुन्दरदुलारी नगरपालिकाले यस बर्ष प्राप्त गरेका महत्वपूर्ण उपलव्धीहरु :**

१. विभिन्न बिनियमावली, कार्यविधि तथा निर्देशिका व्यवसथापन (मर्मत सम्भार कोष संचालन निर्देशिका, २०७१, राजस्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपण प्रतिवेदन, २०७१, भवन/घर नक्सा निर्माण मापदण्ड तथा कार्यविधी, २०७१, कर्मचारी कल्याण कोष विनियमावली, २०७१, विपद् व्यवस्थापन निर्देशिका, २०७१)

२. भौतिका पूर्वाधार विकास योजना संचालन गर्दा पेश्की प्रणालीलाई शुन्यता

३. साविकका गाउँ विकास समितिका कर्मचारीहरुलाई नगरपालिकामा समायोजना गरी सेवा व्यवस्थापन तथा क्षमता विकास तालिम प्रदान

४. नगरपालिकाको कर्मचारी दरवन्दी व्यवस्थापन

५. खुला दिशामुक्त नगर घोषणा अभियान थालनी भई ५० प्रतिशत प्रगति

६. फोहोर व्यवस्थापनको लागि नयाँ ट्रिपर एक थान र कार्यालय प्रयोजनका लागि जिप गाडी एक थान व्यवस्थापन ।

७. नगरपालिकाको वेवसाइट व्यवस्थापन ।

८. नगरपालिकाको आन्तरिक आयमा १६१ प्रतिशतले बृद्धि गरिएको ।

९. भवन निर्माण संहिता, २०६० सम्बन्धी अभिमुखिकरण

१०. घरनक्सापास प्रणाली व्यवस्थापन

११. सेवाग्राहीको सहजताका लागि सहयोगी कक्ष सेवा संचालन

१२. राजश्व, लेखा र जिन्सी शाखामा सफ्टवेयर सेवा संचालन गरिएको ।

१३. एकीकृत सम्पत्तिकर प्रणालीको लागि राजश्वका दररेट निर्धारण

१४. बिकासमा दिगोपना तथा व्यवस्थापनका लागि विभिन्न कोष स्थापना र संचालन ।

१५. कर्मचारी कल्याण कोषमा बजेट व्यवस्थापन ।

१६. नगरपालिकाको नियमित सेवा व्यवस्थापनका लाीग सेवा करारमा कर्मचारी व्यवस्थापन ।

१७. सामाजिक सुरक्षा भत्ता वितरण जनता बैंक नेपाल मार्फत व्यवस्थीत गरिएको ।

१८. नगर क्षेत्रमा बालक्लव गठन गरी संख्या विस्तार भएको ।

१९. खानेपानी व्यवस्थापनको लागि आयोजना निर्माण भई रहेको र साना ट्युववेल तथा डिप बोरिङ संचालन भएको ।

२०. महिला, दलीत, आदिवासी जनजाति, अपांग लगायत पिछडिएका क्षेत्रको लागि सीप तथा रोजगारमुलक व्यवसायिक तालिम प्रदान गरी स्वरोजगार तथा गरिवी निवारणका लागि प्रयास गरिएको ।

२१. दुई वटा नगरिक सचेतना केन्द्र र ११ वटा वडा नागरिक मञ्च गठन गरी सामाजिक परिचालनलाई प्रभावकारी बनाइएको ।

२२. सुन्दरदुलारी नगरपालिकालाई मिति २०७१ चैत्र १७ गतेका दिन पूर्ण खोप सुनिस्चत नगर घोषणा गरिएको

२३. नगरका मुख्य क्षेत्रक विभिन्न भागमा २.७५ कि.मी. कालोपत्रे सडक निर्माण भएको ।

२४. नगरपालिका भवन निर्माण कार्य शुरु भएको ।

## सुन्दरदुलारी नगरपालिकाको आ.व. २०७१।७२ को बजेट तथा कार्यक्रमको प्रगति विवरण :

| सि.नं. | योजना तथा कार्यक्रम | योजना संख्या | २०७१/७२ को विनियोजन | आन्तरिक स्रोतबाट | नेपाल सरकारबाट | २०७१/७२ को संशोधन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. चालू कार्यक्रम | | | | | | | |
| क | प्रशासनिक | | १२४३०००० | | | १०६४४२९९.९७ | |
| ख | सामाजिक परिचालन तथा क्षमता विकास | | ३५७७५०० | | | २३३९९८० | |
| ग | स्थानीय शान्ती समिति | | शान्ति मन्त्रालयबाट | | | ४५००० | |
| घ | सामाजिक सूरक्षा कार्यक्रम | | जि.वि.स. बाट | | | १४१९२८०० | |
| ङ | एच आई भि एडस सहजकर्ता | | जि.वि.स. बाट | | | ४९२५० | |
| | **जम्मा** | | **१०६०७५००** | | | **२७२७१३२९.९७** | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. पूंजिगत कार्यक्रम | | | | | | | |
| क. लक्षीत कार्यक्रमहरु | | ८६ | १००३१५०० | ५१०९६३५ | १९९२५५४ | ७०२११८९ | |
| १ | महिला | १९ | ३१३८००० | ११७२००० | १०३९०५४ | २१९६०५४ | |
| २ | बालवालिका | १८ | ३१३८००० | १६६२०५४ | ६००००० | २१९६०५४ | |
| ख. पिछ्राडिएको क्षेत्र | | ४९ | ३७५५५०० | २२७५५८१ | ३५३५०० | २६२९०८१ | |
| ३ | अपाङगा | ९ | ५३०००० | ३७१००० | | ३७१००० | |
| ४ | दलित | ६ | ५१७५०० | ३२७२५० | ३५००० | ३६२२५० | |
| ५ | आदिवासी जनजाति | १५ | १७७५००० | १०६७५०० | १७५००० | १२४२५०० | |
| ६ | पिछडावर्ग | ११ | ४०८००० | २६८१०० | १७५०० | २८५६०० | |
| ७ | ज्येष्ठ नागरिक | ८ | ५२५००० | २४१७३१ | १२६००० | ३६७७३१ | |
| ग. सामाजिक आर्थिक पूर्वाधार विकास | | ५६ | १७९२६५०० | ३७१९००० | ९९४९६०० | १३५५६६०० | |
| घ. प्रबर्द्धनात्मक कार्यक्रम | | ३६ | २८२६१०६ | ५०५७२११ | १९८८२००० | २५९९९२११ | |
| **जम्मा** | | **१७८** | **३०७८४१०६** | **१३८८५८४६** | **३१८२४१५४** | **४६५७७०००** | |
| **चालू तथा पूंजिगत कूलजम्मा** | | | | | | | |

## ६.५.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरु विषयगत कार्यालयहरुसँगको अन्तरक्रिया, वार्षिक प्रगति समिक्षा र अघिल्लो वर्षको सामाजिक परीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदनहरुको विश्लेषणबाट गरिएको छ ।

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | २०७२ असार मसान्त सम्मको प्रयास | उपलव्धी |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | नगरका सवै घरधुरीले सेवा प्राप्त गरेको | गाउँ घर स्वास्थ्य क्लिनिक सुन्दरदुलारी नगरपालिकाको वडा नं. १, ८, ९ र ११ मा र पाथीभरा केन्द्र स्वास्थ्य केन्द्रमा लगायत नगर क्षेत्रमा १० वटा खोप सेवा संचालन गरिएको साथै स्वास्थ्य चौकी सम्म जानको लागि सहजता ल्याउनका पहुँचमार्गमा स्तरोन्नति गरिएको । | जम्मा घरधुरी ८२५० ले नै १०० प्रतिसले सेवा प्राप्त गरेको |
| ५ वर्षमुनिका बालबालिको प्रतिशत | ८.३ प्रतिशत | बाल खोप, बाल पोषण लगायतका कार्यक्रम संचालन गरिएको, महिला स्वास्थ्य स्वमसेवीकाहरु मार्फत गर्भवती महिलाहरुको स्वास्थ सुधारका कार्यक्रम संचालन गरिएको | ८.६ प्रतिशत |
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्षमुनिका बालबालिकाको आधारमा) | ८९१ जना | महिला स्वास्थ्य स्वयम सेवीकाहरु मार्फत अभियानमा सरीक गराउन जनचेतनामुलक कार्यक्रम संचालन गरेको तथा नेपाल सरकारको राष्ट्रिय कार्यक्रम अनुसारको सेवा वितरण गरिएको । | ७१० जना |
| ४ पटक गर्भवति जाँच गरिएको महिलाको संख्या ( प्रतिशत) | २६० जना | सुन्दरपुर स्वास्थ्य चौकी र दुलारी स्वास्थ्य चौकीबाट गर्भवती महिलाहरुको लागि चारपटक जाँच गर्ने सेवा उपलब्ध गराईएको र यसका लागि महिला स्वास्थ्यकर्मीहरुबाट सहजीकरण भएको । | ३४१ जना |
| दक्ष प्रसुतिकर्मीबाट प्रसूती गरिएका महिलाको संख्या | विवरण उपलब्ध नभएको | सुन्दरदुलारी नगरपालिकाको नजिकै रहेको इटहरीमा रहेको सामुदायकि अस्पतालमा गई दक्ष प्रसुति गराउने महिलाको संख्या । | ७२ जना |
| झाडापखालाबाट मृत्यू हुने बालबालिको संख्या | छैन | पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदायस्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम सेवीकाहरुबाट जनचेतनामुलक कार्यक्रम संचालन गरिएको । | छैन |
| सुन्दरपुर स्वास्थ्य चौकी र दुलारी स्वास्थ्य चौकीबाट सेवा लिने परिवार संख्या | विवरण उपलब्ध नभएको | शहरी स्वास्थ्य सेवा प्रवाह गर्न सहयोग गरिएको । | ८२५० परिवार |
| | | | |

| शिक्षा क्षेत्रको विकास | | | |
|---|---|---|---|
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिकाको संख्या | विवरण प्राप्त नभएको | सडक पूर्वाधार विकासमा लगानी गरी विद्यालयसम्म आउनको लागि सहजता आउन प्रयास गरिएको । यद्यपी गछिया प्रा.वि. र श्रीखण्ड प्रा.वि. र पञ्चायत मा.वि.मा प्राथामिक तहमा अध्ययनरत केही विद्यार्थीहरुलाई विद्यालय आउन आधाघण्टा भन्दा बढी लाग्ने देखिएको | २४५ जना विद्यार्थीहरुलाई विद्यालयसम्म आउन आधा घण्टाभन्दा बढी लाग्ने देखियो । |
| पूर्व प्राथामिक शिक्षामा खुद भर्नादर | विवरण प्राप्त नभएको | पूर्व प्राथामिक विद्यालयमा तालिम प्राप्त सहजकर्ताद्धारा कक्षा संचालन गर्न पाँच जना एस.एल. सी. उत्तिर्ण गरेका व्यक्तिहरुलाई मन्टेश्वरी सम्बन्धी तालिम प्रदान गरिएको | विवरण प्राप्त नभएको । |
| प्राथामिक विद्यालयमा पहुँच नभएका सो उमेर समुहका बालवालिका संख्या वा प्रतिशत | विवरण प्राप्त नभएको | सवै बालवालिकाहरुलाई विद्यालय जान स्थानीयस्तरमा प्रचार प्रसार गरिएको । | ९९.९ प्रतिशत |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | विवरण प्राप्त नभएको | जिल्ला शिक्षा कार्यालय, नगर स्तरीय स्रोत केन्द्र र सम्बन्धित विद्यालयहरुबाट सामुहिक रुपमा विद्यालय भर्ना अभियान संचालन गरिएको । | ७४.५ प्रतिशत |
| प्राथमिक तहमा कक्षा छाड्ने दर | विवरण प्राप्त नभएको | जिल्ला शिक्षा कार्यालय, नगर स्तरीय स्रोत केन्द्र र सम्बन्धित विद्यालयहरुबाट सामुहिक रुपमा विद्यालयमा कक्षालाई निरन्तरता दिन प्रयास भएको । | ७.५ प्रतिशत |
| प्राथमिक तहमा कक्षा दोहोर्‍याउने दर | विवरण प्राप्त नभएको | जिल्ला शिक्षा कार्यालय, नगर स्तरीय स्रोत केन्द्र र सम्बन्धित विद्यालयहरुबाट कक्षा उत्तिर्ण गर्न शैक्षिक वातावरणमा सुधार गरिएको । | ७.५ प्रतिशत |
| प्राथमिक तहमा कक्षामा उत्तिर्ण दर | विवरण प्राप्त नभएको | विद्यालयमा पठनपाठनमा सुधार गरी गुणस्तरीयता कायम गर्न शिक्षक शिक्षीकाहरुवाट शिक्षण प्रकृयामा सुधार गरी शैक्षिक वातावरणमा तयार गरिएको । | ८५ प्रतिशत |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक प्रतिशत | ८३ प्रतिशत | चालु बर्षमा बाट थप शिक्षकलाई तालिम प्रदान गरिएको । | १०० प्रतिशत |
| प्रति कक्षाकोठा विद्यार्थी संख्या | १: ३९ | चालु आर्थिक बर्षमा तीन वटा भवन र सात वटा कक्षा कोठा थप गरिएको । | १: ३७.५ |
| वाह्य सहयोगमा निर्मित विद्यालयकोठा संख्या ( सरकारी तथा सामुदायिक विद्यालयको मात्र) | ७१ वटा | नगर क्षेत्रका विद्यालयहरुमा भवन मर्मत संभार गरी नियमित प्रयोगमा आएको | ७१ वटा |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठासंख्या | ९८ वटा | विभिन्न समयमा स्थानीय निकाय तथा समुदायस्तरको सहभागितामा बनेका विद्यालयहरुको मर्मत संभारको लागि मात्र सहयोग गरेको । | ९८ वटा |
| दलित बालबालिकाहरुको शिक्षामा पहुँच | प्राथामिक तह ५४८ जना निमावि तह १७४ जना उमावि तह ६० जना | दलित बालवालिकाहरुलाई छात्रृतिको व्यवस्था गरिएको, नेपाल सरकारको दलित बालवालिका सहयोग कार्यक्रमले सकारात्मक प्रभाव पारेको । | प्राथामिक तह ५४८ जना निमावि तह १७४ जना उमावि तह ६० जना |

| खानेपानी तथा सरसफाई | | | |
|---|---|---|---|
| खानेपानी पुगेको परिवार संख्या वा प्रतिशत | ८७ प्रतिशतले साधारण रुपमा खानेपानीको सुविधा प्राप्त गरको । | सुन्दरपुर खानोपनी आयोजना र दुलारी खानेपानी आयोजना करिव १४ करोड लगानीमा ७००० धारा स्वच्छ खानोपानी वितरण प्रयोजनका लागि आयोजना निर्माणधिन चरणमा रहेको, खानेपानीको सुविधा उपलब्ध गराउन दलित समुदायमा ५ र अन्य समुदायमा १४ वटा ट्युववेल र तीन स्थानमा डिप बोरिङ सुविधा उपलब्ध गराईएको । | नगरमा साधारण रुपमा खानेपानीको सुविधा प्राप्त गर्ने ८९ प्रतिशत रहेको |
| शौचालय भएको घरधुरी संख्या वा प्रतिशत | ७३ प्रतिशत | सुन्दरदुलारी नगरपालिका क्षेत्रलाई खुलादिशामुक्त नगर बनाउन ५ वटा वडाहरुमा शौचालयको विवरण संकलन गरी सरसफाई परिचयपत्र लागु गरिएको, अतिविपन्न दलित महिला बालवालिकहरुलाई लक्षीत गरी स्थानीयस्तरमा शौचालयको लागि रिङ तथा प्यान वितरण गरिएको, स्थानीयस्तरमा छलफल, सहजीकरण एवम अनुगमन गरी ४०० जति शौचालय स्वत स्फूर्त निर्माण भएको, सार्वजनिकस्थल शिवपञ्चायन मन्दिरमा एक शौचालय निर्माण भएको, शौचालय निर्माण अभियानमा सचेतनाको लागि समुदायको सहयोगमा सिठ्ठी कार्यक्रम कार्यान्वयनमा आएको | ८२ प्रतिशत घरधुरीमा शौचालय रहेको |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | १४ वटा | नगर क्षेत्रमा विद्यालयस्तरमा समेत बालवालिकाका लागि खानेपानी सेवामा सहजताका लागि दलित बस्तीमा खानेपानीको लागि रिङ प्यान वितरण गरिएको । | १४ वटा सवै प्राथामिक विद्यालयमा खानेपानी सुविधा पुगेको |
| सुधारिएको चुलो भएको परिवार संख्या वा प्रतिशत | ४.१७ प्रतिशत | स्थानीयस्तरमा सहजीकरणको लागि सुधारिएको चुल्हो निर्माण सम्बन्धी ७९ जनाले तालिम प्राप्त गरी नगरको थप ७९ घरमा सुधारिएको चुल्हो निर्माण भएको । तालिम प्राप्त व्यक्तिहरुले स्थानीयस्तरमा सुधारिएको चुल्हो निर्माणको लागि सहजीकरण गरेको । | ४.७१ प्रतिशत |

| बालबालिका, महिला तथा समावेशी क्षेत्र | | | |
|---|---|---|---|
| बाल विवाहको संख्या | तथ्याङ्कउपलब्ध नभएको | स्थानीय समुदायमा बाल अधिकार तथा बालविवाह न्यूनिकरण सम्बन्धी सचेतना अभियान संचालन गरिएको | आधिकारीक निकायहरुमा बालविवाहको अभिलेख नदेखिएको |
| सामाजिक विकृति विसंगती | मादक पर्दाथ सेवन, सामान्य प्रकारका घटनाहरु भए पनि स्थानीयस्तरमा सहजीकरण हुने गरेको । | समाजमा विभिन्न प्रकारका सामाजिक बिकृति तथा बिसंगती हुने साामाजिक अपराध न्यूनिकरणका लाीग स्थानीय तहमा सचेतनामुलक कार्यक्रम संचालन गरिएको । गछिएमा प्रहरी चौकी निर्माणमा सहयोग भएको, विभिन्न प्रकारका भजन कृतन कार्यक्रमहरु संचालन गरिएको । माईती नेपाल मार्फत मानव बेचविखन विरुद्ध सचेतना कार्यक्रम संचालन भएको । | गछियामा प्रहरी चौकी निर्माण भएकाले सामाजिक विकृतीका घटनाहरु न्यूनिकरण भएको |

| जनचेतना तथा गरिबी निवारण | | | |
|---|---|---|---|
| बालश्रमको अवस्था | विवरण प्राप्त नभएको | बालश्रम न्यूनीकरण र बाल अधिकारको विषयमा जनचेतनामुलक कार्यक्रम संचालन गरिएको, नगर क्षेत्रमा रहेका जोखिममा परेका बालवालिकाको विवरण संकलनको लागि अभियान संचालन गरिएको । | विवरण प्राप्त नभएको |

| | | | |
|---|---|---|---|
| बालक्लवहरु को अवस्था | विद्यालयस्तर, समुदायस्तरमा गरेर जम्मा १७ वटा बालक्लवहरु रहेको | बालक्लव गठनको लागि हरेक विद्यालयहरुमा गई शिक्षकहरुसंग समन्वय र सहजीकरण गराई विद्यालयस्तरमा थप ४ वटा बालक्लव गठन गरिएको, समुदायस्तरमा बालक्लव गठनको लागि प्रयास भएको | विद्यालयस्तर तथा समुदायस्तरमा गरेर २१ वटा बालक्लवहरु गठन भएको |
| घरेलु हिंसा | ९ वटा - विभिन्न प्रकारका पारिवारिक विवाद, ) | महिला अधिकार सम्बन्धी क्रियाशिल संस्थाहरुले महिला हिंसा विरुद्धको अन्तराष्ट्रिय दिवस, नारी दिवस लगायतका दिवसहरुमा जनचेतनामुलक अन्तकृयात्मक कार्यक्रम संचालन गरिएको । | ६ वटा ( पालनपोषण, गालि गलौज, पारिवारिक विवाद, अंशवण्डा लगायतका) |
| रोजगारीको अवस्था | सामाजिक परिचालन क्षेत्रमा २ जनाले एक बर्षको रोजगारी पाएको । विभिन्न कार्यक्रममा सहजीकरण, व्यवस्थापन र नगरपालिकाबाट संचालित तथा नगर क्षेत्रमा संचालित अन्य पूर्वाधार विकासका कार्यमा संलग्न व्यक्तिहरुले अल्पकालिन रुपमा ४९७३ जनाले रोजगारी भएको । | महिला लक्षीत कार्यक्रम अन्तरगत विउटिसियन तालिम, फोहोर प्लाष्टिकबाट सामाग्री सामाग्री बनाउने तालिम, मन्टेश्वरी तालिम, सिलाई कटाई तालिम, बेमौसमी तरकारी उत्पादन सम्बन्धी तालिम, बैदेशिक रोजगारीको लागि सचेतनामुलक तालिममा सहजकर्ताको भूमिकामा अल्पकालिन रुपमा ७१ जनाले रोजगारी प्राप्त गरेको । नगर क्षेत्रमा ८१ वटा ठुला तथा सानातिना पूर्वाधार विकास योजना संचालन गर्दा अल्पकालिन रोजगारीको अवसर सिर्जना भएको । | नगर क्षेत्रमा संचालित विभिन्न पूर्वाधार विकास तथा अन्य सामाजिक पूर्वाधार विकास कार्यक्रमबाट अल्पकालिन रुपमा ७,१५०जना व्यक्तिहरुलाई रोजगारी सिर्जना भएको |
| स्वरोजगारका प्रयासहरु | विवरण प्राप्त नभएको | आदिवासी जनजाति, अपांग र अन्य समुदायका व्यक्तिहरुको सहभागितामा फोहोर प्लाष्टिकबाट विभिन्न हस्त निर्मित सामान बनाउने तालिम १९ जनाले प्राप्त गरेको, । एस.एल.सि. उत्तिर्ण गरेको ५ जनालाई मन्टेश्वरी तालिम प्रदान, दलित तथा पिछाडीएको समुदाय २१ जनाले आधारभूत सिलाई कटाई तालिम प्रदान भएको, महिला अपांग तथा पिछडाबर्गलाई कम्प्यूटर तालिम प्रदान गरिएको, | फोहोर प्लाष्टिकबाट विभिन्न हस्त निर्मित सामान बनाउने तालिम प्राप्त गरेका ३ जना व्यवसायीक भएका छन् । दलित तथा पिछाडीएको समुदाय २१ जनाले आधारभूत सिलाई कटाई तालिम प्रदान भई ४ जनाले व्यवसाय संचालन शुरु गरेको |
| गरिब निवारणका प्रयासहरु | विवरण प्राप्त नभएको | नगर क्षेत्रमा विपन्न तथा पिछाडिएका महिलाहरुलाई बेमौसमी तरकारी खेती सम्बन्धी आधारभुत तालिम, सिलाई कटाई सम्बन्धी तालिम, फोहोर प्लाष्टिकबाट हस्तनिर्मित सामान तयारी सम्बन्धी तालिम, संचालन गरी गरिवी निवारणका प्रयास गरिएको | बेमौसमी तरकारी खेती सम्बन्धी २७० जनाले तालिम प्राप्त गरी ३५ जनाले बेमौसमी तरकारी खेती गर्न थालनी भएको, फोहोर प्लाष्टिकबाट हस्तकला निर्मित सामान उत्पादन भएको, सिलाई कटाई कार्यक्रम संचालन गरी रोजगारी |

| | | | |
|---|---|---|---|
| | | | सिर्जना भएको । |
| सामाजिक परिचालन | LGCDP बाट ६ वटा वडाहरुमा सामाजिक परिचालन, नागरिक सचेतना केन्द्र एक गठन भएको । | नगरपालिकाको विशेष सहजकिरणमा बाँकी वडाहरुमा समेत वडा नागरिक मञ्च गठन, दुई वटा नागरिक सचेतना केन्द्र गठन गरी वातावरण सुधार तथा स्वरोजगारमुलक कार्यक्रम संचालन गरी गरिवी न्यूनिकरणको प्रयास गरिएको । | ११ वटा वडा नागरिकमञ्च र २ वटा नागरिक सचेतना केन्द्र संचालन, ३३ पटक वडा नागरिकमञ्चको बैठक ९ पटक नागरिक सचेतना केन्द्रको बैठक |
| वातावरण सुधारका प्रयासहरु | फोहोर न्यूनिकरणको लागि विभिन्न सचेतनामुलक तालिम संचालन, सफा र स्वच्छ शहर निर्माण गर्न विभिन्न कार्यक्रम संचालन गरिएको । | खुला दिशामुक्त अभियानलाई नगरको पाँच वडामा लागु गरी तथ्याङ्क अद्यावधिक गरी आगामी आर्थिक बर्षमा खुलादिशामुक्त नगर घोषणाको लागि सरसफाई परिचयपत्र लागु भएको, सुधारिएको चुल्हो निर्माणको लागि ६९ घरमा तालिम दिई कार्यक्रम लागु भएको, वातावरण सुधारको लागि हसिना सिमसार क्षेत्र र नगरका प्रमुख व्यापारिक चोक तथा बजार क्षेत्रमा गरी जम्मा १२ वटा ठुला डस्टवीन राखिएको, बलिया चोक देखि गछिया खोला सम्म करिव ५०० थान वृक्षारोपण गरिएको, एकघर दुई विरुवा प्रणाली पुरा गर्ने गरी घरनक्सा पास प्रणाली अवलम्बन गरिएको, कुनै पनि सामाजिक कार्य गर्दा पाँचवटा वृक्षारोपण कार्यक्रम संचालन गरिएको, भैंसी गोठ सुधार कार्यक्रम संचालन भएको, जलवायु परिवर्तन सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिएको, प्लाष्टिक झोला निषेधका लागि नीतिगत व्यवस्था गरिएको, | सरसफाई परिचयपत्र लागु गरिएको, सार्वजनिक स्थलमा ५०० वटा वृक्षारोपण तथा घरनक्सापास प्रकृयामा एकघर दुई विरुवा लागु भएको, सुधारिएको चुल्हो प्रयोगकर्ताको संख्यामा बृद्धि भएको । |
| एच.आई.भि र एड्स | विवरण प्राप्त नभएको | सचेतनामुलक समाचार, सूचना प्रचार प्रशार भएको, सचेतनामुलक गोष्ठी तथा छलफल कार्यक्रम संचालन भएको | विवरण प्राप्त नभएको |
| लागु पदार्थ दुर्व्यशनी | नगर क्षेत्रको मात्र तथ्याङ्ग नभएको | लागु पदार्थ दुर्व्यशनीमा परेका युवा युवतीहरुलाई साँस्कृतिक कार्यक्रमको माध्यमबाट जनचेतनामुलक कार्यक्रम तथा सुधारतात्मक कार्यक्रम संचालन गरिएको । | लागु पदार्थ दुर्व्यनीमा परेका व्यक्तिहरु सचेतनामुलक कार्यक्रम भएको । |
| विकासमा समान सहभागिता | सामान्य सहभागिता रहेको । | विकास आयोजनामा गठन गरिने उपभोक्ता समितिहरु, विभिन्न सामाजिक संघसंस्थाहरुमा महिला, दलित तथा पिछाडिएको क्षेत्रमा व्यक्तिहरुको सहभागितालाई बृद्धि गरिएको छ ।<br>स्वीकृत कार्यक्रम संचालन गर्दा लक्षीत क्षेत्रको सहभागितालाई प्राथामिकता दिई लक्षीत समुहको संलग्नता रहेको संघसंस्थाहरु मार्फत कार्य सम्पादन भएको छ । | हरेक संघसंस्था र समितिहरुमा महिलाहरुको अनिवार्य कम्तीमा ३३ प्रतिशत सहभागितालाई सुनिश्चित गरिएको छ कार्यक्रम संचालन हुँदा लक्षीत क्षेत्रको ६० प्रतिशत सहभागिता रहेको । |

# सेवाहरुमा पहुँच

| | | | |
|---|---|---|---|
| स्थानीय बजार पुग्न लाग्ने समय | सुन्दरदुलारी नगरका सवै नगरवासीहरुलाई गछिया र दुलारी बजार सेवा लिनको लागि वढीमा एक देखि डेढ घण्टा समय लाग्ने अवस्था छ । | सुन्दरदुलारी नगर क्षेत्रमा शहरी सम्बन्ध विस्तार गरी गाउँ र नगरको अन्तर सम्बन्धको विकास गर्न वडा सवै वडाहरुमा रहेको प्रमुख सम्पर्क सडकहरुलाई स्तरोन्नति गरिएको । नगर क्षेत्रका अन्य कच्ची सडकहरुलाई पक्की गरी यातायातमा सहजता ल्याउन प्रयास भएको । | सुन्दरदुलारी नगर क्षेत्रको घेरावनी देखि गछिया बजारसम्म आउन डेढ घण्टासम्म लाग्ने देखिन्छ । |
| कृषी सेवा केन्द्र जान लाग्ने समय | सुन्दरपुर नगरमा कृषि सेवा केन्द्रबाट सेवा लिनको लागि नगरवासीहरुलाई ३० मिनेट देखि एक घण्टा समय लाग्ने अवस्था छ । | नगर क्षेत्रमा शहरी सेवा विस्तार गर्न सहरी सडकहरुलाई ग्राभेल र स्तरोन्नति गरिएको छ । | सुन्दरदुलारी नगर क्षेत्रबाट आधा घण्टा देखि एक घण्टासम्म लाग्ने समय रहेको छ । |
| सामाजिक सुरक्षा (एकल महिला, अपाङ्ग, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाति) | ज्येष्ठ नागरिक दलित सहित गरी जम्मा ११६५ जना, एकल महिला जम्मा ७६४ जना, पूर्ण अपांग ५०, आंशिक अपांग ३ र दलित बालवालिका ३३२ गरी जम्मा सामाजिक सुरक्षा भत्ता बुझिलिने २३१४ जना | सुन्दरदुलारी नगरपालिका क्षेत्रका सवै सामाजिक सुरक्षा भत्ता लिने व्यक्तिहरुको जनता बैंक नेपाल सुन्दरदुलारी मार्फत वितरणको व्यवस्था मिलाईएको । बैक मार्फत भत्ता उपलब्ध गराउनका लागि ज्येष्ठ नगारिक, दलित, एकल महिला, बालवालिकाहरुको बैक खाता खोल्नको लागि हरेक वडामा स्थलगत रुपमा गई फोटो खिचाई खाता खोल्न सुन्दरदुलारी नगरपालिका र जनता बैंकका कर्मचारीहरुको टोलीले स्थलगत अभियान संचालन गरी बैक मार्फत भत्ता वितरण प्रकृयालाई व्यस्थापन गरिएको हो । | ज्येष्ठ नागरिक दलित सहित गरी जम्मा १३४९ जना, एकल महिला जम्मा ७२७ जना, पूर्ण अपांग ६३, आंशिक अपांग ३५ र दलित बालवालिका २०८ सहित जम्मा सामाजिक सुरक्षा भत्ता बुझिलिने २३८२ जना |
| सामाजिक शक्तिकरण र संस्थागत विकास कार्यक्रम | ज्येष्ठ नागरिक संजाल विस्तार, घरेलु हिंशा न्यूनिकरण कार्यक्रम, संजालहरुको संस्थागत क्षमता विकास, | पिछडिएको बर्गलाई घरेलु हिंसा न्यूनिकरण, बालविवाह सम्बन्धी न्यूनिकरण लगायतका विषयमा जनचेतनामुलक कार्यक्रम संचालन भएको, आमा समुह भवन निर्माण, महिला सहकारी भवन निर्माण, थारु सभाहल निर्माण, आदिवासी जनजातिहरुको सभाहल निर्माण, विभिन्न मठमन्दिर मर्मतसुधार, ज्येष्ठ नागरिक संस्थाको संस्थागत विकासको लागि वडा संजालहरुको गठन, बालक्लवहरुको स्थापना र संचालन, विभिन्न सामुदायिक भवन निर्माण | विभिन्न ११ वटा भवन निर्माण तथा मर्मत गरेको, महिला संस्थाह, ज्येष्ठ नागरिक संजालहरु वडातहा गठन, विद्यालय तहमा बालक्लवहरुको गठन गरी ९ वटा बालक्लवहरु संचालन, दलित तथा पिछाडिएको बर्गका सामाजिक संस्थाहरुलाई सशक्तिकरण सम्बन्धी विभिन्न कार्यक्रम संचालन, मध्यस्थ केन्द्र संचालन, |
| व्यक्तिगत घटना दर्ता अभियान | साविकमा दुलारी गाउँ विकास समितिको प्राप्त अभिलेख अनुसार जन्मदर्ता : ४३१, मृत्यूदर्ता : ७७, विवाहदर्ता : १३१, वसाइसराई : २०५, सम्बन्ध विच्छेद : २ | व्यक्तिगत घटना दर्ता अभियानलाई प्रभावकारी बनाउन जनचेतना अभियान संचालन गरिएको, अभिलेख प्रणालीलाई थप व्यवस्थीत गरिएको , सूचकलाई फाराम भर्न सहजताको लागि हेल्पडेस्क प्रणालीलाई सुधार गरिएको । | जन्मदर्ता : ११८१, मृत्यूदर्ता : २२३, विवाहदर्ता : ४५९, वसाइसराई : ६६७, सम्बन्ध विच्छेद : ६ गरी जम्मा २५३६ वटा |

## संस्थागत क्षमता

| | | | |
|---|---|---|---|
| जनशक्ति | साविकको सुन्दरपुर र दुलारी गाउँ विकास समितिको स्वीकृत दरन्वन्दी अनुसार कार्यरत कर्मचारीहरुको विवरण अनुसार स्थायी सेवामा सहायस्तर पाँचौ तहमा लेखापाल २, नायवसुव्वा १, खरिदार १ र कार्यालय सहयोगि ३ जना रहेको त्यसै गरी सेवा करारमा.........................जना कार्यरत रहेको | नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको माननीय उपप्रधानमन्त्रीस्तरको निर्णयानुसार मन्त्रालयको च.न. ११४१ मिति २०७१।६।०२ को प्राप्त पत्रानुसारसुन्दरदुलारी नगरपालिकाको नगर परिषद् बैठक अनुसार नगरपालिकाको संगठन संरचना र २६ वटा दरवन्दी विवरण स्वीकृत गरी लागु भएको । | जम्मा कर्मचारी दरवन्दी संख्या २६ मध्ये कार्यकारी अधिकृत १, तहगत रुपमा अधिकृत तहमा ३, लेखापाल १, सहायकस्तर पाँचौ तहमा ३, चौथो तहमा ९ र तेश्रो तहमा १ र पहिलोतहमा ४ जना जना दरवन्दी स्वीकृत भएकोमा हाल कार्यरत कर्मचारी विवरण अनुसार कार्यकारी अधिकृत १, लेखापाल १ काजमा, तहगत रुपमा अधिकृतस्तरमा १, सहायकस्तर पाँचौ तहमा ३, चौथो तहमा २, तेश्रो तहमा .... र पहिलो तहमा .... । गरी जम्मा कर्मचारीहरु १५ जना रहेका । |
| कर्मचारी क्षमता विकास कार्यक्रम | नियमित तालिम संचालन भएको । सफ्टवेयर संचालन सम्बन्धी तालिम प्रदान भएको | नगरपालिका कार्यालयमा कार्यरत जना शाखा, उपशाखा प्रमुखहरुलाई WBRS, E-Procurement, लेखा प्रणाली, वातावरण विकास तथा फोहोर व्यवस्थापन, विपद् व्यवस्थापन, लगायतका विषयमा क्षमता तथा अभिमुखिकरण तालिममा सहभागि भएको । नगरपालिकाका कर्मचारीहरुलाई नगरको सेवा व्यवस्थापन सम्बन्धी अन्तर नगरपालिका भ्रमणमा सहभागि गराईएको । | ३ जना कर्मचारीहरुले थप तालिम प्राप्त गरेको । |
| नीति तथा कार्यक्रम | साविकमा गाउँ समिति क्षेत्रको रुपमा रहँदा विनियम तथा कार्यविधि बनाएको नपाईएको | सुन्दरदुलारी नगरपालिकाको नियमित कार्यलाई थप प्रभावकारी, सहज, सरल तथा व्यवस्थीत रुपमा सम्पादन गर्न नगर परिषद्को निर्णय तथा नगर परिषद्बाट प्रत्यायोजित अधिकार अनुसार विभिन्न मितिमा बसेको नगरपालिकाको बैठकको निर्णयानुसार मर्मत संभार कोष संचालन निर्देशिका, कर्मचारी कल्याण कोष विनियमावली, एकीकृत सम्पत्तिकर कार्यविधि, विपद् व्यवस्थापन कार्यविधि, सरसफाई तथा फोहोर व्यवस्थापन कार्यविधि, कर्मचारी प्रशासन विनियमावली, भवन, घरनक्सा निर्माण मापदण्ड तथा कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा आएको । त्यसै गरी योजनालाई दिगो र प्रभावकारी बनाउनका लागि मर्मत सभारकोष, वातावरण कोष तथा विपद व्यवस्थापन कोष खोली संचालनमा रहेको छ । | नगरपालिकाको काममा सहजता ल्याउनका लागि नगरपालिका अन्तरगत २ वटा विनियमावली, ४ वटा कार्यविधि ४ र १ बटा निर्देशिकाहरु कार्यान्वयनमा ल्याइएको छ । त्यसै गरी नगरपालिकाको नागरिक वडापत्र, २०७१ स्वीकृत गरी कार्यान्वयनमा आएको छ । घरनक्सापास गर्दा एक घर दुई विरुवालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ । नगरलाई खुलादिशामुक्त नगर बनाउन सरसफाई परिचयपत्र लागु गरिएको छ । |

| | | | |
|---|---|---|---|
| | | घर नक्सापास गर्दा एकघर दुई विरुवा नीतिलाई कार्यान्वयन गरिएको छ । नगर क्षेत्रमा सरसफाई परिचय पत्र लागु गरिएको छ । | |
| भौतिक व्यवस्था | कार्यालय अन्तरगत रहेका जग्गा २ विगाह ४ कट्ठा, जम्मा भवन संख्या ५, कोठा सख्या ४० रहेको, कार्यालयमा रहेका सामानहरुको विवरणहरमा मुख्यतया कम्प्युटर ५ थान, प्रिन्टर ४ थान, ल्यापटप ३ थान, काठको कुर्सी ११ थान, सोफा सेट २ थान, चियर १२ थान, रिमोतिड चियार १ थान, काठको डवलसिटे बेन्च ३० थान, इन्भटर १ थान, काठको दराज ४ थान, काठको टेवुल १३ थान, स्टील दराज १८ थान, काठको रयाग ५ थान, आराम चियर ३७ थान, स्टील कुर्सी ८ थान, स्टील टेवुल ११ थान, पानी तान्ने मोटर १ थान, साईकल, १ थान लगायत गरी जम्मा २९ प्रकारका भौतिक वस्तुहरुमा २०५ थान रहेको छ । | नेपाल सरकारको अनूदान सहयोगमा एक कार्यालय भवन निर्माणधिन अवस्थामा रहेको छ । कार्यालय शहरी सुशासन कायम राख्नको लागि आवश्यक सवारी साधन जिप गाडी एक थान, ट्रिपर एक थान, कम्प्यूटर..........थान, प्रिन्टर...........थान, ल्यापटप...........थान, प्रिन्टर थान, घुम्ने कुर्सी.........थान, काठको टेवुल..............थान, इन्भटर............थान, खरिद गरिएको छ । | |
| समन्वय र सहकार्यका प्रयासहरु | नगर क्षेत्रमा रहेका सवै सरकारी गैरसरकारी कार्यालय एवं संघसंस्थाहरु, राजनैतिकदल, पूर्व जनप्रतिनिधिहरु, पत्रकार, नगरपालिका अन्तरगत गठित विभिन्न समिति, उपसमितिहरु, लक्षीत क्षेत्रक विभिन्न संजालहरु, उद्योग बाणिज्य संघ, लगायतका सरोकारवालहरु संग समन्वय र सहकार्य गरी सुशासन र पारदर्शिता प्रकृयालाई अवलम्बन गरिएको । | प्रत्येक महिना पूर्वाधार विकास योजनाहरुको स्थलगत अनुगमनका लागि सुपरीवेक्षण तथा अनुगमन समिति मार्फत हुने गरेको । नगर क्षेत्रको विकास गतिविधिहरुलाई नियमित प्रकासन तथा प्रशारणको लागि स्थानीय स्तरका पत्रपत्रीका, एफ.एम. तथा टेलिभिजनहरु संग सहकार्य गरी समय समयमा सूचना तथा कार्यक्रम प्रकासन तथा प्रशारण भएको । नगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रमलाई सम्बन्धीत लक्षित समुहका संस्थाहरु मार्फत संचालन गरी कार्यक्रमको प्रभावकारीता र उपलव्धीलाई सुधार गरिएको (दलित समन्वय समिति, अपाङ सेवा संघ, आदिवासी जनजाति महासंघ, ज्येष्ठ नागरिक जिल्ला संजाल, नगरस्तरीय बाल संजाल, विभिन्न विद्यालयहरु, उपस्वास्थ्य चौकीहरु, माईती नेपाल, साहास नेपाल, मध्यस्थ सेवा समिति, अन्तरपार्टी महिला संजाल, विभिन्न आमा समुह, विभिन्न खेलकूद समितिहरु, जातिय संस्थाहरु, सहकारी समुह एवं अन्य लक्षीत संजालहरु मार्फत कार्यक्रम संचालन गरिएको ) | नगरस्तरीय राजनैतिकदलका प्रतिनिधिहरुको समय समयमा बैठक बसेको, नगरको विकासको लागि बनेका कार्यविधि, निर्देशिका तथा विनियमावली तयारीमा स्थानीयस्तरका सरोकारवालाहरुको सहभागिता भएको, नगरपालिकाको सूचना सम्प्रेषण गर्दा स्थानीय संचारमाध्यमहरुलाई उच्च प्राथामिकता दिईएको, नगरपालिकाको समग्र विकास एवम नियमित सेवा सम्पादनको लाीग गठन भएका विभिन्न समितिहरु आवश्यकक्तानुसार क्रियासिल रहेको । |

## ६.६ गत वर्षमा भोगेका समस्याहरु ।

- सामाजिक सुरक्षा भत्ता वितरणका लाीग बैक प्रणालीमा लैजादा स्थानीय स्तरमा गुनासो भएको ।
- सानातिना योजनामा बजेट बिनियोजन गरी कार्यान्वयन गदौ चुनौतीपूर्ण भएको ।
- ल्याण्डफिल साईट निर्धारण नहुँदा फोहोर व्यवस्थापनमा कठिनाई भएको ।
- भू उपयोग योजना कार्यान्वयन गर्न चुनौतीपूर्ण रहेको ।
- साविकमा बनेका घरहरुको नक्सापास गर्न समस्या परेको ।
- कर्मचारीको कमीको कारणले संयूक्त वडा समितिको कार्यालय संचालन नसकिएको ।
- बार्षिक बजेट अनुमान र अख्तियारी प्राप्त यथार्थ बजेट बीच फरक पर्न गई विनियोजित बजेट अनुसारको कार्यक्रम संचालन गर्न समस्या परेको ।
- माग भएका सबै योजनाहरु सम्बोधन गर्न स्थानीय निकाय, विषयगत कार्यालयहरु र गैससहरुका आपूर्ति क्षमताबीच सन्तुलन नभएको ।
- सबै योजनाहरुमा पर्याप्त अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण गर्न कठिनाई भएको ।

## ६.७. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव :

- दिर्घकालिन विकासको लागि एकीकृत शहरी विकास योजना तयार गर्नु पर्ने ।
- एकै प्रकारका कार्यक्रम संचालन गर्ने विभिन्न निकायबीच कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियाहरुमा समेत समन्वय र साझेदारीलाई अझै प्रभावकारी बनाउनु पर्ने ।
- सामाजिक विकासका सूचकहरु समेटने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने ।
- संचालित योजना तथा कार्यक्रमहरु नियमित अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउने ।
- करदाताहरुको जानकारीको लागि सुन्दरदुलारी नगरपालिकाको राजश्व नीति तथा राजश्वका दररेटहरु समावेश गरी नगरपालिका राजश्व दर्पण प्रकाशन गर्नु पर्ने ।
- चौमासिक तथा बार्षिक समीक्षा गोष्ठीमा प्रस्तुत विवरणलाई समेटेर बार्षिक प्रगति पुस्तिका प्रकासन गर्नु पर्ने
- सवारीकर, बहालकर, व्यवसायकरलाई कार्य योजना बनाई प्रभावकारी रुपमा संकलन गरिनु पर्ने ।
- मर्मत सम्भार गर्नु पर्ने पूर्वाधार विकास योजनाहरुलाई समयमै मर्मत सम्भार गरी संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउने ।
- नगरस्तरमा सुलभ यातायात संचालन गर्न सडक स्तरोन्नतीमा लगानी बढाउनु पर्ने ।
- पंजीकरण सम्बन्धी गरिने सवै अभिलेखरुलाई Online Base गरिनु पर्ने ।
- नगर क्षेत्रमा भएको प्राकृतिक स्रोतको बाँडफाँड ३५ देखि ५० प्रतिशत हुनु पर्ने ।
- सामाजिक सुरक्षा भत्ता रकम बैकबाट बितरण गरिने भएकोले सम्बन्धित बैंकलाई केही सहयोग गर्ने नीति तयारी गरी कार्यान्वयन गर्नु पर्ने ।
- LGCDP बजेटलाई चुस्त दुरुस्त प्रणालीबाट उपलव्ध गराउने जसको समन्वय क्षेत्रीय समन्वय इकाईबाट गर्नु पर्ने ।
- संस्थागत सुदृढिकरणका लागि क्षमता विकास योजनालाई कार्य योजना सहित प्रभावकारी कार्यान्वयन गर्ने ।

- कर्मचारीहरुलाई अध्ययन तथा बैदेशिक भ्रमणमा मनोनयन गर्दा मन्त्रालयबाट २० प्रतिशत र स्थानीय निकायबाट ८० प्रतिशत कायम गर्नु पर्ने ।
- नगरपालिकाको स्वीकृत दरवन्दी अनुसारको कर्मचारी यथाशिघ्र छनौट गरी पदपूर्ति गर्नु पर्ने ।
- नगरपालिकाको आन्तरिक आयमा सुधार गर्नको लागि राजश्व संकलन क्षेत्रमा जिम्मेवारी लिएका कर्मचारीहरुलाई विशेष प्रोत्सहानको व्यवस्था गर्नु पर्ने
- पूर्णखोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिने ।

सामाजिक परीक्षकको नाम : विनोद गुरुङ्ग
दस्तखत :

सामजिक परीक्षकको नाम : तेज नारायणसिंह राई
दस्तखत :

सस्थाको नाम : विकासको लागि सहकार्य नेपाल, धनकुटा
मिति २०७२।६।२२

## ७. १ विषयगत कार्यालयले सम्पादन गरेको कार्यको लेखाजोखा विवरण :

**१. विषयगत कार्यालयको नाम :** सुन्दरदुलारी नगरपालिका कार्यालय

**२. दिर्घकालिन दृष्टिकोण र लक्ष्य "विकासमा साझेदारी, समृद्ध सुन्दरदुलारी"**

**३. सुन्दरदुलारी नगरपालिकाको प्राथामिकता र लक्ष्यहरु**

१ कर्मचारी व्यवस्थापन
२. कार्यालय व्यवस्थापन तथा सेवा वितरण प्रणाली सहजता
३. बिभिन्न विकास नीतिहरु तर्जूमा तथा कार्यान्वयन
४. एकीकृत शहरी विकास योजना निर्माण
५. आर्थिक विकासका अवसरहरुको पहिचान तथा परिचालन गरी आन्तरिक स्रोत बृद्धि
६. सहभागितात्मक शहरी सुशासन प्रबर्द्धन
७. सहभागितात्मक योजना तर्जूमा प्रणाली र जनसहभागितामा आधारित योजना कार्यान्वयन
८. लक्षीत क्षेत्रको विकास
९. वातावरण सुधार तथा व्यवस्थापन
१०. खुला दिशामुक्त, प्लाष्टिक झोला निषेधित नगर अभियान, पूर्ण खोपलाई निरन्तरता
११. विकासमा सरोकारवाला र नीजि क्षेत्रसंग समन्वय र सहकार्य
१२. पारदर्शिता र जबाफदेहिता
१३. विकासमा दिगोपनाका लागि विभिन्न कोषहरुको स्थापना र संचालन

## ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमहरुको संक्षीप्त विवरण

| सि.न. | क्षेत्र | सूचक | ईकाइ | गत आव सम्म सम्पन्न | आव ०७१।७२ मा थप | निर्माणाधीन | लाभान्वावित जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १ | सडक | माटे | किमी | २ | नभएको | | |
| | | ग्राभेल | किमी | | १७ किमी | | २४०० |
| | | कालोपत्रे | | | ३ किमी | | ६०० |
| | | मर्मत | | | ४ किमी | | २००० |
| २ | खानेपानी | योजना | संख्या | | ९ डिप बोरिङ र ४४ वटा ट्यूबेल | | १३७५ |
| ३ | आवास | कार्यालय भवन | वटा | | | १ | |
| ४ | सडकपुल | | वटा | | २ वटा | १ | ३२५ |
| ५ | विद्युतीकरण | विस्तार | | | २ किमी लाईन | | १५०० |

**५. लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

१. सामाजिक सुरक्षा भत्तालाई बैक मार्फत उपलव्ध गराएको ।
२. पिछाडिएको बर्गलाई सचेतनामुलक कार्यक्रम संचालन गर्दा प्राथामिकता दिइएको ।
३. सिपमुलक तालिमका लागि लक्षीत समुदायका व्यक्तिहरुलाई सहभागि गराईएको ।
४.वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्र मार्फत समुदाय परिचालन कार्यक्रमलाई निरन्तरता दिइएको ।
५. स्थानीयस्तरमा सामाजिक परिचालनको माध्यमबाट फोहोर व्यवस्थापन गरी स्वच्छ वातावरण कायम राख्न पहिल गरिएको ।

**६.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा**

सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरु विषयगत कार्यालयहरुसँगको अन्तरक्रिया, वार्षिक प्रगति समिक्षा र अघिल्लो वर्षको सामाजिक परीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदनहरुको विश्लेषणबाट गरिएको छ ।

| बालबालिका, महिला तथा समावेशी क्षेत्र | | | |
|---|---|---|---|
| बालश्रमको अवस्था | विवरण प्राप्त नभएको | बालश्रम न्यूनीकरण र बाल अधिकारको विषयमा जनचेतनामुलक कार्यक्रम संचालन गरिएको , बालश्रम न्यूनिकरण गरी बाल अधिकार सुरक्षीत गर्न विशेषत श्रमीक बालवालिका क्षेत्रमा कार्य योजना सहित काम गर्न बालमैत्री स्थानीय शासन रणनैतिक योजना तयार भएको । | बाल श्रमीकको अवस्थाको एकीन विवरण प्राप्त नभएको |
| बालक्लवहरुको अवस्था | विद्यालयस्तर, समुदायस्तरमा गरेर जम्मा १७ वटा बालक्लवहरु रहेको | बालक्लव गठनको लागि हरेक विद्यालयहरुमा गई शिक्षकहरुसंग समन्वय र सहजीकरण गराई विद्यालयस्तरमा थप ४ वटा बालक्लव गठन गरिएको, समुदायस्तरमा बालक्लव गठनको लागि प्रयास भएको | विद्यालयस्तर तथा समुदायस्तरमा गरेर २१ वटा बालक्लवहरु गठन भएको |
| घरेलु हिंसा | ९ वटा - विभिन्न प्रकारका पारिवारिक विवाद, ) | महिला अधिकार सम्बन्धी क्रियाशिल संस्थाहरुले महिला हिंसा विरुद्धको अन्तराष्ट्रिय दिवस, नारी दिवस लगायतका दिवसहरुमा जनचेतनामुलक अन्तकृयात्मक कार्यक्रम संचालन गरिएको । | ६ वटा ( पालनपोषण, गालि गलौज, पारिवारिक विवाद, अंशवण्डा लगायतका) |
| रोजगारीको अवस्था | सामाजिक परिचालन क्षेत्रमा २ जनाले एक बर्षको रोजगारी पाएको । विभिन्न कार्यक्रममा सहजीकरण, व्यवस्थापन र नगरपालिकाबाट संचालित तथा नगर क्षेत्रमा संचालित अन्य पूर्वाधार विकासका कार्यमा संलग्न व्यक्तिहरुले अल्पकालिन | महिला लक्षीत कार्यक्रम अन्तरगत विउटिसियन तालिम, फोहोर प्लाष्टिकबाट सामाग्री सामाग्री बनाउने तालिम, मन्टेश्वरी तालिम, सिलाई कटाई तालिम, बेमौसमी तरकारी उत्पादन सम्बन्धी तालिम, बैदेशिक रोजगारीको लागि सचेतनामुलक तालिममा सहजकर्ताको भूमिकामा अल्पकालिन रुपमा ७१ जनाले रोजगारी प्राप्त गरेको । नगर क्षेत्रमा ८१ वटा ठुला तथा सानातिना पूर्वाधार विकास योजना संचालन गर्दा अल्पकालिन रोजगारीको अवसर सिर्जना भएको । | नगर क्षेत्रमा संचालित विभिन्न पूर्वाधार विकास तथा अन्य सामाजिक पूर्वाधार विकास कार्यक्रमबाट अल्पकालिन रुपमा ७,१५०जना व्यक्तिहरुलाई रोजगारी सिर्जना भएको |

| | | | |
|---|---|---|---|
| | रुपमा ४९७३ जनाले रोजगारी भएको । | | |
| स्वरोजगारका प्रयासहरु | विवरण प्राप्त नभएको | आदिवासी जनजाति, अपांग र अन्य समुदायका व्यक्तिहरुको सहभागितामा फोहोर प्लाष्टिकबाट विभिन्न हस्त निर्मित सामान बनाउने तालिम १९ जनाले प्राप्त गरेको, । एस.एल.सि. उत्तिर्ण गरेको ५ जनालाई मन्टेश्वरी तालिम प्रदान, दलित तथा पिछाडीएको समुदाय २१ जनाले आधारभूत सिलाई कटाई तालिम प्रदान भएको, महिला अपांग तथा पिछडाबर्गलाई कम्प्यूटर तालिम प्रदान गरिएको, | फोहोर प्लाष्टिकबाट विभिन्न हस्त निर्मित सामान बनाउने तालिम प्राप्त गरेका ३ जना व्यवसायीक भएका छन् । दलित तथा पिछाडीएको समुदाय २१ जनाले आधारभूत सिलाई कटाई तालिम प्रदान भई ४ जनाले व्यवसाय संचालन शुरु गरेको |
| गरिब निवारणका प्रयासहरु | विवरण प्राप्त नभएको | नगर क्षेत्रमा विपन्न तथा पिछाडिएका महिलाहरुलाई बेमौसमी तरकारी खेती सम्बन्धी आधारभुत तालिम, सिलाई कटाई सम्बन्धी तालिम, फोहोर प्लाष्टिकबाट हस्तनिर्मित सामान तयारी सम्बन्धी तालिम, संचालन गरी गरिवी निवारणका प्रयास गरिएको | बेमौसमी तरकारी खेती सम्बन्धी २७० जनाले तालिम प्राप्त गरी ३५ जनाले बेमौसमी तरकारी खेती गर्न थालनी भएको, फोहोर प्लाष्टिकबाट हस्तकला निर्मित सामान उत्पादन भएको, सिलाई कटाई कार्यक्रम संचालन गरी रोजगारी सिर्जना भएको । |
| सामाजिक परिचालन | LGCDP बाट ६ वटा वडाहरुमा सामाजिक परिचालन, नागरिक सचेतना केन्द्र एक गठन भएको । | नगरपालिकाको विशेष सहजकिरणमा बाँकी वडाहरुमा समेत वडा नागरिक मञ्च गठन, दुई वटा नागरिक सचेतना केन्द्र गठन गरी वातावरण सुधार तथा स्वरोजगारमुलक कार्यक्रम संचालन गरी गरिवी न्यूनिकरणको प्रयास गरिएको । | ११ वटा वडा नागरिकमञ्च र २ वटा नागरिक सचेतना केन्द्र संचालन, ३३ पटक वडा नागरिकमञ्चको बैठक ९ पटक नागरिक सचेतना केन्द्रको बैठक |
| विकासमा समान सहभागिता | सामान्य सहभागिता रहेको । | विकास आयोजनामा गठन गरिने उपभोक्ता समितिहरु, विभिन्न सामाजिक संघसंस्थाहरुमा महिला, दलित तथा पिछाडिएको क्षेत्रमा व्यक्तिहरुको सहभागितालाई बृद्धि गरिएको छ ।<br>स्वीकृत कार्यक्रम संचालन गर्दा लक्षीत क्षेत्रको सहभागितालाई प्राथमिकता दिई लक्षीत समुहको संलग्नता रहेको संघसंस्थाहरु मार्फत कार्य सम्पादन भएको छ । | हरेक संघसंस्था र समितिहरुमा महिलाहरुको अनिवार्य कम्तीमा ३३ प्रतिशत सहभागितालाई सुनिश्चित गरिएको छ । कार्यक्रम संचालन हुँदा लक्षीत क्षेत्रको ६० प्रतिशत सहभागिता रहेको । |

७. **गत वर्षमा भोगेका समस्याहरु ।**

- सामाजिक सुरक्षा भत्ता वितरणका लाीग बैक प्रणालीमा लैजादा स्थानीय स्तरमा गुनासो भएको ।
- सानातिना योजनामा बजेट बिनियोजन गरी कार्यान्वयन गदौ चुनौतीपूर्ण भएको ।
- ल्याण्डफिल साईट निर्धारण नहुँदा फोहोर व्यवस्थापनमा कठिनाई भएको ।
- भू उपयोग योजना कार्यान्वयन गर्न चुनौतीपूर्ण रहेको ।
- साविकमा बनेका घरहरुको नक्सापास गर्न समस्या परेको ।
- कर्मचारीको कमीको कारणले संयूक्त वडा समितिको कार्यालय संचालन नसकिएको ।
- बार्षिक बजेट अनुमान र अख्तियारी प्राप्त यथार्थ बजेट बीच फरक पर्न गई विनियोजित बजेट अनुसारको कार्यक्रम संचालन गर्न समस्या परेको ।
- माग भएका सबै योजनाहरु सम्बोधन गर्न स्थानीय निकाय, विषयगत कार्यालयहरु र गैससहरुका आपूर्ति क्षमताबीच सन्तुलन नभएको ।
- सबै योजनाहरुमा पर्याप्त अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण गर्न कठिनाई भएको ।

८.. **सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव :**

- दिर्घकालिन विकासको लागि एकीकृत शहरी विकास योजना तयार गर्नु पर्ने ।
- एकै प्रकारका कार्यक्रम संचालन गर्ने विभिन्न निकायबीच कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियाहरुमा समेत समन्वय र साझेदारीलाई अझै प्रभावकारी बनाउनु पर्ने ।
- सामाजिक विकासका सूचकहरु समेटने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने ।
- संचालित योजना तथा कार्यक्रमहरु नियमित अनुगमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउने ।
- करदाताहरुको जानकारीको लागि सुन्दरदुलारी नगरपालिकाको राजश्व नीति तथा राजश्वका दररेटहरु समावेश गरी नगरपालिका राजश्व दर्पण प्रकाशन गर्नु पर्ने ।
- चौमासिक तथा बार्षिक समीक्षा गोष्ठीमा प्रस्तुत विवरणलाई समेटेर बार्षिक प्रगति पुस्तिका प्रकासन गर्नु पर्ने
- सवारीकर, बहालकर, व्यवसायकरलाई कार्य योजना बनाई प्रभावकारी रुपमा संकलन गरिनु पर्ने ।
- मर्मत सम्भार गर्नु पर्ने पूर्वाधार विकास योजनाहरुलाई समयमै मर्मत सम्भार गरी संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउने ।
